आज मिति २०७८।०२।१२ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिशेष आमन्त्रित:**

१. प्रभाकर यादब — प्रमुख,जिल्ला समन्वय समिति

२. शम्भु प्रसाद यादब — नगर प्रमुख, राजबिराज नगरपालिका

**उपस्थिति:**

१. प्र.जि.अ. श्री फणिन्द्र मणि पोखरेल - अध्यक्ष

२. प्रमुख सेनानी श्री निरज भण्डारी - सदस्य

३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला - सदस्य

४. सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ - सदस्य

५. उप. अनुसन्धान निर्देशक श्री नरेश बहादुर शाह - सदस्य

६. नि.प्र.मे.सु. श्री रणजित कुमार झा - सदस्य

७. नि. जि.स.स.अधिकारी श्री दिलिप कुमार साह - सदस्य

**आमन्त्रित:**

१. स.प्र.जि.अ. श्री नाथु साह जि.प्रशा.का. सप्तरी

२. नि.प्र. स्वा.कार्यालय श्री दुनियालाल यादब

**निर्णय:**

१. नेपाल सरकारले जारी गरेको कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ सम्बन्धमा छलफल गरियो।

२. कोभिड संक्रमणको दर नघटेकोले मानिसहरुको आवत जावतलाई थप कडाई गर्दै कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ अनुसार कार्वाही गर्ने। उक्त अध्यादेश बारेमा स्थानीय तहको समन्वयमा जिल्ला प्रहरी कार्यालयले प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।

३. कोरोना महामारीको समयमा बैंक तथा बित्तिय संस्थामा भईरहेको भीडभाड नियन्त्रण गर्ने उदेश्यले मिति २०७८।०२।०६ गते देखि २०७८।०२।१२ गते सम्म बैंक तथा बित्तिय संस्थाले अत्यावश्यक (औषधी उपकरण तथा औजार खरिद, औषधी उपचार, काजक्रिया, पेट्रोलियम पदार्थ ढुवानी र उपभोक्ता समितिको खाता खोल्ने) बाहेकका कामको लागि बैंकिङ्ग सेवा स्थगन गर्ने निर्णयलाई समर्थन गर्दै थप एक हप्ता (२०७८।०२।१९ गते सम्म) पूर्व निर्णयलाई निरन्तरता दिने।